# छायाँनाथ रारा नगरपालिका

## गैर सरकारी संस्था (संचालन तथा व्यवस्थापन ) ऐन २०७६

**नगर सभाबाट स्वीकृत मिति : २०७६।०९।२८**

**प्रस्तावना :**

छायाँनाथ रारा नगरपालकिाले नगरपालिकामा स्थापित सम्पुर्ण गैर सरकारी संस्थाहरुलाई आवद्धता सेवा सम्बन्धी कार्यलाई अझ प्रभावकारी व्यवस्थित रुपले संचालन गर्न र संघ संस्थाहरु बीच समन्वय कायम गर्न प्रचलित ऐन कानून अनुरुप दर्ता भएका मुनाफारहित एवं जनहितकारी सामाजिक संघ संस्थाहरुलाई स्थानिय स्थानिय सरकार संचालन एन, २०७४ को परिच्छेद ६को दफा २५ र टिप्पणी खण्डमा उल्लेखित प्रावधानका आधारमा स्थानिय निकायहरुले आ आफ्नो क्षेत्रमा पने विकास निर्माणको लागी उपभोक्ता समुह, गैर सरकारी संस्थाहरुलाई प्रोत्साहित गरी ती मार्फत उक्त कार्यहरु गर्नु गराउनुपर्ने व्यवस्था गरिएको छ । उपरोक्त नीतिगत व्यवस्थाको प्रभावकारिताको लागी छायाँनाथ रारा नगरपालिका क्षेत्रभित्र काम गर्ने सम्पुर्ण गैरसरकारी संस्थासंगको सहकार्य, समन्वय, सहयोग, सहभागिता र परिचालनका मार्फत समावेशि विकास एवं समन्यायीक प्रतिफल वितरण नीतिको अबलम्बन गर्नु अपरिहार्य भएको छ । संगै बसौ, संगै काम गरौ भन्ने आधारमा समुदायको विकासमा सेवा एवं साझेदारी गर्ने उद्धेश्यबाट स्थापना भएका गैर सरकारी संस्थाहरुलाई स्थानिय तहको विकास कार्यमा सरीक गराउने, उनीहरुको प्रवर्धन, नियमन, निर्देशन, नियन्त्रण एवं कार्य सहिजकरण प्रभावकारी रुपमा गर्ने उद्धेश्यले छायाँनाथ रारा नगरपालिका बाट यो ऐन जारी गरिएको छ । गैर सरकारी संस्थालाई विकासको संरक्षण प्रारुपमा स्थापित गराउन स्थानिय स्थानिय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि छायाँनाथ रारा नगापालीकाको छैठौ नगर सभाको बैठकबाट यो ऐन तर्जुमा गरि जारि गरिएको छ ।

### परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम **गैर सरकारी संस्था (संचालन तथा व्यवस्थापन ) ऐन २०७६** रहने छ ।

(ख) यो ऐन नगर सभाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) **“ऐन”** भन्नाल स्थानिय सरकार संचालन एन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) **“नगर सभा”** भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको नगर सभालाई सम्झनु पर्दछ ।

(ग) **"नगरपालीका"** भन्नाले संविधान बमोजिम स्थपना भएको नगरपालीका सम्झनु पर्द छ ।

(घ) **“प्रमुख”** भन्नाले स्थानिय सरकार संचालन २०७४को दफा २मा व्यवस्था भए बमोजिम छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुख वा नगर प्रमुख काम गर्न तोकिएको वहालवाला नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) **“प्रमुख प्रशासकिय अधिकृत”** भन्नाले ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(च) **“गैर सरकारी संस्था संचालन समिति”** भन्नाले नगरपालिका स्तरमा गठन भएको गैर सरकारी संस्था सञ्चालन समितिलाई सम्झनु पर्दछ ।

(छ) **“संयोजक”** भन्नाले छायाँनाथ रारा नगरपालिकाको गैर सरकारी संस्था सञ्चालन समितिको संयोजक लाई सम्झनु पर्दछ ।

(ज) **“आवद्धता प्रमाण पत्र”** भन्नाल संघ संस्थाहरु नगरपालिकामा आवद्ध भएपछि नगरपालिकाबाट प्रदान गरिने प्रमाण पत्र सम्झनु पर्दछ ।

(झ) **“सदस्य सचिव”** भन्नाले छायाँनाथ रारा नगरपालिकाको गैर सरकारी संस्था सञ्चालन समितिको सदस्य सचिवलाई लाई सम्झनु पर्दछ ।

(ञ) **“सदस्य”** भन्नाले छायाँनाथ रारा नगरपालिकाको गैर सरकारी संस्था सञ्चालन समितिको सदस्यहरुलाई लाई सम्झनु पर्दछ ।

(ट) **“शाखा”** भन्नाले गैर सरकारी संस्था सञ्चालन समितिको सचिवालयलाई शाखा सम्झनु पर्दछ ।

(ठ) **“कार्य समिति”** भन्नाले गैर सरकारी संस्था सञ्चालन समितिको कार्य समिति सम्झनु पर्दछ ।

(ड) **“गैर सरकारी संस्था (गैसस)”** भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

लक्ष्य तथा उद्देश्यः

प्रचलित कानून अनुसार दर्ता भई समाज कल्याण ऐन २०४९ बमोजिम परिषद्मा आवद्ध भई स्थानिय शासन प्रक्रियामा स्वस्फुर्त र स्वायत्त रुपमा गठित विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था द्धारा सामाजिक परिचालनबाट पिछडिएका क्षेत्र तथा वर्गका महिला, वालवालिका,अपाङ्गता भएका व्यक्ति,जेष्ठ नागरिक एवं दलितहरु समेतको आर्थिक, सामाजिक स्तरमा सुधार ल्याई सुसंस्कृत,समतामुलम, सशक्त एवं सहभागितात्मक प्रक्रिया द्धारा समुन्नत सभ्य समाजको स्थापनाको लागी स्थानीय तह र गैर सरकारी संस्थाहरुबीच पारस्परकि सदभाव अभिवृद्धि गरी विकासको सहयात्रीको रुपमा कार्यक्रम संचालनमा सहयोग पुर्‍याउनस यस ऐनको मुख्य लक्ष्य हुने छ साथै यस नगरपालिकामा आवद्ध हुन आउने सामाजिक संघ संस्थालाई स्थानिय सरकार संचालन ऐन र यस ऐन बमोजिमको प्रावधान तथा शर्तहरु पालना गराउने तथा आवद्धताको लागी आवश्यक पर्ने विवरण/कागजातहरु, आवद्धताको प्रकृया, शाखाबाट प्रदान गरिने सेवाहरु र आवद्धता दस्तुर लगायतका वारेमा जानकारी गराई संघ संस्थाहरुका कार्यक्रमको प्रभावकारिता र दिगो विकास सम्वधि सेवा कार्यलाई छिटो छरितो एवम् सहजरुपमा प्रदान गर्ने पनि यसको उद्देश्य रहेको छ । उपरोक्त लक्ष्य पुरा गर्न देहायका उद्धेश्यहरु प्राप्तीमा जोड दिईनेछ ।

२.१ स्थानिय तह सेवामुखि व्यवहार, सुसंस्कार र पारदर्शितामा जोड दिदै सहभागीतामूलक रुपमा स्थानिय तहबाट सञ्चालन गरिने विकास क्रियाकलापलाई संस्थागत प्रणालीको विकासमा सहयोग पुर्‍याउने ।

२.२ विकास प्रयासको पहुँच नपुगेको समुदाय र वर्गबाट हुने योगदानको कदर गर्दै सामाजिक तथा आर्थिक रुपमा तिनलाई आत्मनिर्भर र सशक्त बनाउने कार्यमा साझेदारको रुपमा काम गर्न सहयोग पुर्‍याउने ।

२.३ सामाजिक आर्थिक क्रियाकलापमा पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति, जाति र क्षेत्रका साथै त्यहाँका महिला तथा पुरुषको संलग्नता, सहभागीता, भुमिका तथा योगदानलाई समान ढंगले अभिवृद्धि गर्दै उनीहरुको अधिकारको संरक्षण गर्ने कार्यमा सघाउ पुर्‍याउने ।

२.४ नगरपालिका भित्रका क्षेत्रभित्र रहेका सम्पूर्ण गैर सरकारी संस्थाहरुको अनुगमन, मुल्याङकन, नियमन, निर्देशन र नियन्त्रणको व्यवस्थापन गर्ने ।

२.५ नगरपालिका भित्रका क्षेत्रभित्रका समस्त गैर सरकारी संस्थाहरुको गतिविधि तथा क्रियाकलापहरुलाई पालिकाको नीति तथा कार्यक्रम अनुरुप नै मूल प्रवाहिकरणमा ल्याउने ।

२.६ नगरपालिका भित्रका क्षेत्रभित्र रहेका सम्पूर्ण गैर सरकारी संस्थाहरुको चौमासकि रुपमा प्रगतिको समिक्षा र मुल्याङन गर्ने ।

२.६ नगरपालिका भित्रका क्षेत्रभित्र रहेका सम्पूर्ण गैर सरकारी संस्थाहरुको प्रोफाईल तयार गरि सूचनालाई अद्यावधिक गर्ने ।

२.६ नगरपालिका भित्रका क्षेत्रभित्र रहेका सम्पूर्ण गैर सरकारी संस्थाहरुको क्रियाकलापहरुमा दोहोरोपन न्यूनिकरण गर्दै एकद्धार प्रणालीमा कायम गर्ने ।

## परिच्छेद ३
## गैर सरकारी संस्था संचालन सम्वन्धि सिद्धान्त, रणनीति तथा नीति

**३.१ गैर सरकारी संस्था संचालन सम्वन्धि सिद्धान्तहरु :–**

- छायाँनाथ रारा नगरपालिकाको नगर सभा संचालन हुनुपूर्व गैससहरुको कार्यक्रम पेश गरी सभाबाट स्वकृत भए बमोजिम गर्ने, गराईने ।
- विकास साझेदारहरुको सवल पक्ष बृद्धिका लागी प्रोत्साहन गर्ने ।
- नगरपालिका भित्रका क्षेत्रभित्र कार्य गर्ने गैससका कार्यक्रमहरुलाई पारदर्शी, उत्तरदायी र लक्ष्यमूलक बनाउदै जाने ।
- परियोजना वा कार्यक्रमसुरु हुनु अगावै यसको अवधाराण प्रष्ट र लक्षित समुदायसित छलफल भएको हुनुपर्ने ।
- कार्यक्रम तर्जुमादेखि कार्यान्वयन तहसम्म लक्षित समुदायको संलग्नता हुनुपर्ने ।
- स्थानिय सरकार संचालन ऐन, २०७४ को मूल मर्मलाई आत्मासात गर्नुपर्ने ।

**३.२ गैर सरकारी संस्था संचालन सम्वन्धि रणनीतिहरु :–**

- गैरसरकारी संस्थाहरुलाई क्षेत्रको विकासको निम्ती विकासको साझदारको रुपमा स्थापित गर्ने ।

- गैरसरकारी संस्थाका प्रमुख कार्यक्षेत्र यकिन गरि सहकार्यको आधारमा कार्यक्रम संचालन गरिने ।
- गैरसरकारी संस्थाहरुको कामको मुल्याङन गरि प्रोतसाहन गर्दै लगिने ।
- गैरसरकारी संस्थाहरुलाई क्षमता विकास एवं कार्यहरुमा प्रवर्धनकारी भुमिका निर्वाह गरिने छ ।
- गैरसरकारी संस्थाहरुलाई लक्षित वर्ग,जोखिमग्रस्त समुदाय एवं पिछडिएको क्षेत्रमा एवं नगरपालिकाले तोकेको प्राथामिकता प्राप्त क्षेत्रमा कार्य गर्न प्रोत्साहित गर्दै लगिने ।

**३.३ गैर सरकारी संस्था संचालन सम्वन्धि नीतिहरु :–**

- स्थानीय तहद्धारा संचालन हुने कार्यमा गैससहरुको सहभागिता र साझदारी अभिवृद्धि गर्ने ।
- सामुदायिक तथा सार्वजनिक श्रोत र साधनमाथिको पहुँच तथा उपभोगमा गैसस-नागरिक समाजको साझदारी र सहभागिता वृद्धि गर्ने ।
- पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति र समुदाय तथा महिलाहरु,ज्येष्ठ नागरिक एवं उत्पीडित समुदाय सामाजिक परिचालनको लागी विशेष कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिने ।
- गैर सरकारी तथा निजी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- गैससको दर्ता /नविकरण प्रणाली सुदृढ गरी स्थानिय स्तरमा तथ्यांकमा आधारित सूचना व्यवस्था तयार गरि अभिलेख व्यवस्थि तगर्न ुघाउ पुर्याउने ।
- गैरसरकारी क्षेत्रबाट समाजले प्राप्त गर्ने तुलानात्मक लाभ, गै.स.स प्रतिस्पर्धात्मकनवीन सोच सिकाईहरुको अत्याधिक उपयोग गर्नमा मद्दत प्रेयाउने ।
- गैससहरुको सुशासन व्यवस्थापन र संस्थागत विकासमा सहयोग पुर्याउने ।
- विकासको जिम्मेवार सहयात्रिको रुपमा पारस्परिक सहयोग वृद्धि गर्ने ।
- गैससहरुको कृयाकलापहरुलाई पारदर्शी बनाउन वित्तिय लेखापरिक्षण, सामाजिक परीक्षण, कार्यस्थलमा सार्वजनिक लेखा परिक्षण गरि सार्वजनिक गर्नुपर्ने ।
- चौमासिक, अर्धवार्षिक र वार्षिक रुपमा गैससहरुको कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्ने तथा प्रस्तुतिकरणको व्यवस्था अवलम्वन गराउने ।

## परिच्छेद ४

### १) गैर सरकारी संस्थाको कार्यक्षेत्र र प्रकार

गैर सरकारी संस्थाको कार्यक्षेत्र निम्न अनसुार हुनेछ ।

क) सामाजिक विकासको पूर्वधार निर्माण सम्वन्धि क्रियाकलापअरु ।

ख) जनचेतना बृद्धि गर्ने क्रियाकलापहरु ।

ग) लक्षित वर्ग एवं पिछडिएको क्षेत्रको न्याय एवं विकासको लागि बहस, पैरवी गर्ने सम्वन्धि कायैहरु ।

घ) लक्षित वगैको आय आर्जन क्षमता बढाउन कृषि, पशु, सीप मुलक तालीम सम्वन्धि कार्यहरु ।

ङ) लक्षित वर्गको साक्षरता, शिक्षा, चेतना बढाउने खालका विशेष कार्यक्रम संचालन गर्ने ।

च) जनताको स्वास्थ्य, सरसफाई, प्राकृतिक श्रोतको संरक्षण र वातवरणको प्रवर्धन गर्ने कार्यहरु ।

छ) लक्षित वर्गको मानव अधिकार, जोखिममा रहेको पक्षको राहत एवं पुनस्थपाना गर्ने सम्बन्धि कार्यहरु ।

ज) गैसस संचालन सम्वन्धि नीतीहरुलाई प्राथमिकता दिने ।

झ) खेलकुद सम्वन्धि विविध क्रियाकलापहरु संचालन गर्ने ।

ञ) जलवायु परिर्वतन को प्रभाव कम गर्न सहयोग गर्ने कार्यहरु ।

## २) गैर सरकारी संस्थाहरुको वर्गिकरण

क) पेशागत संस्थाहरु जस्तै तालिम, परार्मश तथा अनुसन्धान गर्ने संस्थाहरु ।

ख) सामुदायिक विकास सम्वन्धि संस्थाहरु ।

ग) महिला तथा वालवालिका सम्वन्धि संस्थाहरु ।

घ) मानव अधिकारको प्रवर्धन गर्ने संस्थाहरु ।

ङ) कृषि, वन तथा वातावरण सम्बन्धि काम गर्ने संस्थाहरु ।

च) जनस्वास्थ्य सम्वन्धि काम गर्ने संस्थाहरु ।

छ) गरिवी निवारण सम्वन्धि काम गर्ने संस्थाहरु ।

ज) सार्वजनिक नीतिमा अध्यायन गर्ने संस्थाहरु ।

झ) अन्य प्रकृतिक संस्थाहरु ।

ञ) अपाङ्गत सम्वन्धि काम गर्ने संस्थाहरु ।

## परिच्छेद ५
## गैरसरकारी संस्था संचालन समितिको गठन र यसको काम,कर्तव्य एवं अधिकार

**५.१** छायाँनाथ रारा नगरपालिकामा गैरसरकारी संस्थाहरुको संचालन तथा व्यवस्थापन गर्ने उद्धेश्य बमोजिम नगरपालिका स्तरिय गैर सरकारी संचालन समिति को गठन गरिने छ ।

| | |
|---|---|
| क) संयोजक | नगर प्रमुख वा नगरप्रमुखले तोकेको कार्यपालिकाको एक जना सदस्य |
| ख) सदस्य | नगर सभाका सदस्य मध्येबाट २ जना सदस्य (एक महिला सदस्य अनिवार्य) |
| ग) सदस्य | १४ वडामध्ये बाट प्रमुखले तोकेको ३ जना वडा अध्यक्ष |
| घ) सदस्य | प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत |
| ङ) सदस्य | सामाजिक विकास समितिको संयोजक |
| च) सदस्य | गैसस बाट १ जना प्रतिनिधि |
| छ) सदस्य | समितिले आवश्यकता अनुसार विशेषज्ञलार्य आमन्त्रण गर्न सकिने छ । |
| ज) सदस्य सचिव | गैसस संचालन समितिको प्रमुख |

**परिच्छेद ५** को खण्ड १ बमोजिम गठित गैर सरकारी संस्था संचालन समितिले नगरपालिकामा स्वीकृतका लागी प्रस्तुत हुन आउने कार्यक्रम र परियोजनाहरुको अध्ययानगरि स्वीकृतका लागी सिफारिस गर्ने काम समेत गर्नेछ । उक्त गठित समितिलाई **नगर पालिका स्तरिय परियोजना**

**सल्लाहाकार समिति**को रुपमा समेत परिचालन गरिनुका साथै परियोजना सल्लाहाकार समितिमा आवश्यकता अनुसार विषयगत शाखाका प्रमुखलाई पनि समावेश गर्न सकिने छ ।

## ५.२ गैसस संचालन समितिको काम, कर्तव्य र अधिकार

क) गैर सरकारी संस्थाहरु परिचालन सम्वन्धि नीति तर्जुमा एवं समसमायिक कार्यक्रमहरुलाई स्वीकृतीका लागी नगरपालिकाको कार्यलयमा पेश गर्ने ।

ख) गैर सरकारी संस्थाहरुको वजेट तथा कार्यक्रमहरु तर्जुमा गरी स्वीकृतका लागि नगरपालिकाको कार्यलयमा पेश गर्ने ।

ग) गैससहरुको क्षमता विकासमा सहयोग पुर्‍याउने ।

घ) गैससहरुको कार्यक्रमको अनुगमन गरि उनीहरुको कार्यको मुल्याङंन गरि उत्कृष्ट कार्य गर्नेलाई पुरस्कार र नराम्रो कार्य गर्नेलाई उचित नियमनका उपायहरु अपनाउने ।

ङ) गैससका कार्यहरुको मल्याङनका आधार, सुचक एवं कार्यविधि र ढाँचा समेत तयार गर्ने ।

च) गैससहरुको परिचालन एवं व्यवस्थापन सम्वन्धि आवश्यक फारम, ढाँचा र कार्यविधि तयार गर्ने ।

छ) गैसस सम्वन्धि नीति नियम, कार्यविधि,विनियम तग गरि गैसस संचालन समितिबाट पास भै नगरसभाबाट स्वीकृत गराई लागु गर्ने तथा गराउने ।

ज) गैससको सक्रिय सहभागीताका लागी संरचना र प्रक्रिया निर्धारण गर्ने र नगरसभा बाट स्वीकृत गराउने ।

झ) गैससहरुको वार्षिक कार्यक्रमहरुका लागी वित्तिय र प्राविधिक श्रोत जुटाउनका लागी सहकार्य र समन्वयको भुमिका गर्ने ।

ञ) पिछडिएका वर्ग,अपाङ्गता भएका व्यक्ति र क्षेत्रका महिला तथा वालवालिकाको हित र लैङ्गिक समानता जस्ता सामाजिक विषयहरुमा कार्यक्रहरु कार्यान्वयन तथा अनुगमन लागी गैससहरुसंग समन्वय गर्नुका साथै आवश्यक सहयोग पुर्‍याउने ।

ट) गैससहरुको कार्यक्रमलागी सुपरिवेक्षण, अनसगमन तथा समिक्षा प्रतिवेदन सम्वन्धित समितिमा पेश गर्ने ।

ठ) गैससहरुको वार्षिक लेखापरिक्षण, सार्वजनिक लेखा परिक्षण, सामाजीक ापरिक्षण तथा वार्षिक प्रगती प्रतिवेदनको अभिलेख र विश्लेषण गर्ने ।

ड) गैसस सम्वन्धि तथ्याङक सुचना संकलन गर्ने कार्यमा सहयोग र समन्वय गरि अभिलेख राख्ने ।

ढ) जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यलयसंग समन्वय गरी गैसस एवं तिनका गतिविधि र कार्यक्रमहरु को अभिलेख रार्ख्ने र तथ्याङक अभिलेख आवश्यक सहयोग गर्ने ।

ण) गैससहरुको वार्षिक कार्यमक्रहरु नगरसभा बाट अनिवार्य स्वीकृत गराउने र यदि स्वीकृत नभएमा गैसस

त). स्थानीय स्तरमा गठन भएका सामुदायिक संघ-संस्थाहरुको प्रवर्द्धनमा सहयोग र समन्वय गर्ने ।

थ) गैसस, उपभोक्ता समूह, सामाजिक संस्थाहरूलाई विषयगत आधारमा वर्गीकरण गरी सूचीकृत गर्ने।

द). आवश्यकतानुसार कार्य संचालन गराउन संचालन समितिले कार्यदल गठन गर्न सक्ने र विशेष सेवा लिन सक्ने ।

ध) गैससहरुको वर्गिकरण तथा सुचिकृत **अनुसुचि १** बमोजिम हने छ ।

न) गैससहरुले **अनुसुचि १** बमोजिम विवरण भरे पश्चात गैसस समितिले **अनुसुचि २** बमोजिम आवद्धता प्रमाण पत्र प्रदान गर्ने छ ।

प) संघ संस्थाहरुले आवद्धता प्रमाण पत्र प्राप्त गरि सके पटि प्रत्येक वर्ष नविकरण गर्नु पर्ने छ ।

फ). आवश्यकतानुसार कार्य दलको काम, कर्तव्य र अधिकार तोक्ने ।

ब) यस नगरपालिकामा कार्यरत गैससहरुको गैसस नगर कार्य समितिको प्रतिनिधिसँग संस्थाहरुसँग समन्वय गर्ने ।

भ) गैसस सहयोगी दाताहरु (Donors) को पहीचान गरी यस समीतिले नगर गैसस समिति मार्फत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरुसंघ पहुंच वढाउने ।

## परिच्छेद ६

## गैससका कार्यक्रमको अनुगमन एवं मूल्यांकन

**६.१ गैरसरकारी संस्था एवं उनिहरुको कार्यको अनुगमन एवं मूल्यांकन निम्नानुसार हुनेछ :**

क) गैरसरकारी संस्थाहरुबाट सम्पादित कार्यहरुको अनुगमन तथा मुल्याङ्कन सम्वन्धित संस्थाले गैसस संचालन समितीमार्फत आवश्यकता अनुसार गराउनु पर्नेछ । अनुगमन सम्वन्धि सम्पूर्ण खर्चहरु सम्वन्धित संस्था आफैले व्यहोर्नु पर्नेछ ।

ख) उपरोक्तानुसार भएको अनुगमन एवं मूल्यांकनको आधारमा प्राप्त प्रतिवेदन अनुसार गैससहरुले उनीहरुको कार्यमा सुधार ल्याउनु पर्नेछ ।

ग) गैससहरुको नियमित अनुगमन गर्न, कार्यमा दोहोरोपना हटाउन, आपसि समन्वय एवं कार्य साझेदारीलाई प्रवर्धन गर्न छायाँनाथ रारा नगरपालिका एवं गैसस संचालन समितिले एक संयुक्त कार्यदल गठन गरी निरन्तर अनुगमन प्रणालीको स्थापना गर्नेछ ।

घ) गैसस संचालक समितिले गैससका कार्यको अनुगमन एवं मूल्यांकन गर्न सोको आधार, सुचक, अन्य उपयुक्त विधिहरु समेतको विकास गरि सो आधारमा उनिहरुको कार्य, उद्धेश्य र उपलब्धि वीचको सम्वन्ध समेतको विश्लेषण गरि अनुगमन एवं मूल्यांकन गर्नेछ ।

६.२ गैससहरुले संचालन गरेका कार्यक्रमहरुको सम्बद्ध निकायहरुको सहभागितामा संयुक्त अनुगमन एवं नियमीत अनुगमन गर्ने व्यवस्था गैसस संचालन समितिले मिलाउनु पर्नेछ । अनुगमन पश्चात अनिवार्य रुपमा अनुगमन प्रतिवेदन तयार गरि संचालन समितिमा पेश गरि सो उपर छलफल गरी समितिले पृष्ठपोषण गर्नुपर्नेछ । र यस्तो पृष्ठपोषण सम्वन्धीत संस्थाले पालना गर्नुपर्नेछ ।

## परिच्छेद ७

## समितिको कोषः

**उपदफा १) समितिको आफ्नो छुटै कोष देहाय बमोजिमको हुने छ ।**

क) नगरपालिकाको वार्षिक बजेटको रुपमा उपलब्ध हुने रकम,

ख) संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,
ग) कुने व्यक्ति वा संघ संस्थाबाट प्राप्त हुने दान वा अनुदान रकम,
घ) विदेशि सरकार, अन्तराष्ट्रिइ संघ संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,
ङ) नगरपालिका संग सम्वन्धित संघ संस्थालाई आबद्धता र नविकरण गर्दा प्राप्त रकम,
च) प्रकाशन बिक्रिबाट प्राप्त हुने रकम,

२. समन्वय समितिको नामबाट गरिने सबै खर्चहरु उपदफा १ बमोजिमको कोष बाट व्यहोरिने छ ।
३. समन्वय समितिको कोषमा रहने सम्पुर्ण रकम समितिले तोकेको कुनै बैङकमा खाता खोली जम्मा गरिने छ ।
४. समन्वय समितिको बैङक खाताको सञ्चालन गैसस संचालन तथा व्यवस्थापन निर्देशिकाको संयोजक, लेखा शाखाको कर्मचारि वा सदस्य सचिब को संयूक्त दस्खतबाट गरिने छ ।
५ सदस्य सचिवको प्राश्रिमिक कोषको रकम बाट गैसस संचालन समितिको निर्णय अनुसार हुने छ ।
६. गैसस संचालन समितिको आर्थिक वर्ष नगरपालिकाको आर्थिक वर्ष सरह हुने छ ।
७. गैसस संचालन समितिको कोष संचालन तोकिय बमोजिम हुने छ ।

८. <u>संघ संस्था आवद्धताको लागि तथा अन्य सेवाको लागिको लागि लाग्ने दस्तुर :</u>

(८.१) संघ संस्था आवद्ध गर्न लाग्ने दस्तुरको वर्गिकरण ।

१) संस्थाको वार्षिक कार्यक्रको नभएकोमा वार्षिक रु ५०० लाग्नेछ ।
२) संस्थाको वार्षीक दर्ता शुल्क निम्न अनुसार लाग्नेछ ।

क) संस्थाको वार्षिक कार्यक्रको रु ५००००। सम्मको लाई रु २०००। लाग्नेछ ।
ख) संस्थाको वार्षिक कार्यक्रको रु५१०००। देखि रु३००००००। रु ८०००। सम्मको लाग्नेछ ।
ग) संस्थाको वार्षिक कार्यक्रको रु३१०००००। देखि रु५००००००।सम्मको रु१२०००। लाग्नेछ ।
घ) संस्थाको वार्षिक कार्यक्रमको रु ५१०००००। देखि रु९९०००००। सम्मको रु१६००० लाग्नेछ ।
ङ) संस्थाको वार्षिक कार्यक्रमका रु१००००००००। देखि रु१९९०००००। सम्मको रु२५०००। लाग्नेछ
च) संस्थाको वार्षिक कार्यक्रमका रु२००००००००। देखि ४००००००० मथि सम्मको रु ३००००। लाग्नेछ ।
छ) संस्थाको वार्षिक कार्यक्रमका ४००००००० मथि सम्मको रु ५००००। लाग्नेछ

८.२) राष्ट्रिय स्तरका गैर सरकारी संस्थाहरु आफै कार्यक्रम संचालन गरेमा ८.१ को २ बमोजिम शुल्क लाग्ने छ ।

८.३) राष्ट्रिय स्तरका गैर सरकारी संस्थाहरु साझेदारी संस्था मार्फत कार्यक्रम संचालन गरको खण्डमा रु ५०००। शुलक लाग्ने छ ।

८.४) अन्तराष्ट्रिय स्तरका गैर सरकारी संस्थाहरु आफै कार्यक्रम संचालन गरेमा ८.१ को २ बमोजिम शुल्क लाग्ने छ ।

८.५) अन्तराष्ट्रियस्तरका गैर सरकारी संस्थाहरु साझेदारी संस्था मार्फत कार्यक्रम संचालन गरको खण्डमा रु १०००० शुल्क लाग्ने छ ।

८.६) माथि उल्लेखित गरएिका आवद्धता शुल्कमा नितान्त अपाङ्गता सम्वन्धि काम गर्ने संस्थाहरुलाई २५% आवद्धता शुल्कमा छुट हने छ ।

(८.७) नगरपालिका मा स्थापित सम्पुर्ण संघ सस्थाहरुले प्रत्येक वर्ष आवद्धता नविकरण गर्दा परिच्छेद ७ को खण्ड ८ बमोजिम राजश्व तिरि संस्था आवद्धता नविकरण गर्नुपर्ने हुन्छ ।

(८.८) संघ संस्था वार्षिक नविकरण सिफारिस शुल्क रु ३००० (अक्षरुपि तिन हजार मात्र) राजश्व लाग्ने छ ।

(८.९) संघ संस्थाहरुको अन्य साधारण सिफारिस शुल्क रु १००० (अक्षरुपि एक हजार मात्र) लाग्ने छ ।

(८.१०) माथि उल्लेखित परिच्छेद ७ को खण्ड ८ मा तोकिएका सम्पुर्ण राजश्व विवरणको वार्षिक रुपमा वृद्धि हुने वा घट्ने राजश्व परामर्श समिति द्वारा तोकि नगर सभाबाट अनुमोदन भए पश्चात लागु हुने छ ।

## उपदफा २) लेखा परिक्षण

क) गैसस संचालन समितिले आफ्नो आय, व्यय नेपाल सरकारले अपनाएको लेखा प्राणाली बमोजिम राख्नुपर्ने छ ।

ख) आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र गैसस संचालन समितिले नगरपालिकाले तोकेको लेखापरिक्षण बाट लेखा परिक्षण गराई नग।पालिकामा पेश गर्नुपर्ने छ ।

ग) नगरपालिकाले समितिको आय, व्ययको लेखा तत् सम्वन्धि कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद ८

## कार्यलय, कर्माचारी व्यावस्थापन र छाप

क) नगरपालिकामा गैसस सञ्चालन समितिको छुट्टै शाखा रहने छ ।

ख) गैसस सञ्चालन समितिको शाखा नगरपालिकाले निर्धारण र उपलब्ध गराएको स्थान र भवनमा रहनेछ ।

ग) गैसस सञ्चालन समितिलाई आवश्यक पर्ने कर्मचारी गैसस समितिले व्यवस्था गर्नेछ ।

घ) गैसस समितिको नियमित कार्य सञ्चालन गर्नका लागी निम्न अनुसार आवश्यक कर्मचारी पदपुर्ति गरि नेपाल सरकारका कर्मचारीले पाए अनुसारको तलब भत्ताको व्यवस्था गर्नु पर्ने छ ।

१. सदस्य सचिव (समन्वयकर्ता) अधिकृत स्तर १ जना

२. कार्यलय सहयोगी (श्रेणीविहिन)　　　　　　　　　१ जना

ङ) गैसस सञ्चालन समितिको नामबाट छाप, लेटर प्याड र साईनवोर्ड हुनेछ ।

च) गैसस सञ्चालन समितिको छाप,लेटर प्याड समिति गठन पछिको बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ९

## गैर सरकारी संस्थाको कर्माचारी पदपुर्ति

क) गैससले कर्माचारी पदपुर्ति गर्दा गैससले सुचना निकालेको जानकारीको साथै सार्वजनिक स्थानमा सुचना टाँस गर्नुका साथै नगरपालिकाको सुचना पाटिमा पनि टाँस गरिनुपर्ने छ ।

ख) गैससले कर्माचारी छनोट गर्दा सम्बन्धित विषयमा अनुभवी र गणस्तरिय व्यक्ति लाई छनोट गर्नुपर्ने छ ।

ग) गैससले कर्माचारी छनोट गर्दा सम्बन्धित विषयगत विशेषज्ञ लिई आमन्त्रण गरी कर्मचारी छनौटको प्रक्रिया पूरा गर्नेछ ।

घ) गैससले कर्माचारी छनोट गर्दा सम्पुर्ण चरणको सुचना सार्वजनिक स्थानमा सुचना टाँस गर्नुका साथै नगरपालिकाको सुचना पाटिमा पनि टाँस गरिनुपर्ने छ ।

## परिच्छेद १०

## गैरसरकारी संस्थाको प्रवर्धन, क्षमता विकास र नियमन

**१०.१ गैससहरुको प्रवर्धन, क्षमता विकास र नियमन निम्नानुसार गरिनेछ :**

क) गैससको स्थापना, दर्ता, नविकरण जस्ता कार्यमा गैसस कार्य समितीले सहजीकरण गर्ने छ एवं कार्यहरुको सरलीकरण गर्न सहयोग गर्ने छ ।

ख) गैससका कार्यलाई सहजिकरण गर्न छायाँनाथ रारा नगरपालिकामा गैसस कक्ष स्थापना गरिने छ ।

ग) गैससहरुको कार्यको मूल्यांकन गरि उत्कृष्ट कार्य गर्ने संस्थालाई प्रसंसापत्र, नगद वा अन्य पुरस्कार दिइनेछ र उद्देश्य विपरित कार्य गर्नेलाई नविकरण कार्य रोक्का राखिनेछ ।

**१०.२ मूल्याङ्कनका आधारहरुः**

१. संस्थाको दीर्घकालीन सोच, उद्देश्य र रणनीति प्रष्ट उल्लेख भएको ।

२. संस्थाको कार्यक्रमको दीगोपनाबारे सम्बद्ध जनशक्तिलाई जानकारी भएको ।

३. गैसस सुशासन, व्यवस्थापकीय पक्ष र व्यवहार स्पष्ट भएको ।

४. संचालित वा सम्पन्न कार्यहरूको राम्रो अलिभेख भएको ।

५. सूचना तथा संचार र प्रतिवेदन प्रणाली व्यवस्थित भएको ।

६. स्थानीय स्रोत र साधनको अधिकतम परिचालन भएको ।

७. कार्यहरू संख्यात्मक मात्र नभई गुणात्मक पनि भएको ।

८. आन्तरिक र बाह्य सम्बन्ध राम्रो भएको ।

९. सूचकहरूको स्पष्टता र कार्ययोजना भएको ।

१०. कार्यहरू तोकिएको समयमा सम्पन्न भएको ।

११. कार्यहरूमा सुशासन, पारदर्शिता, नियमितता र नेतृत्व प्राप्त भएको ।

१२. वार्षिक रुपमा सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण तथा लेखा परीक्षण भएको ।

१३. अन्य आवश्यक सुचकहरु समितीले वनाई अवलम्वन गरीएको ।

१४. स्थानीय सरकारसँग साझेदारी एवं समन्वय गरेको ।

१५) गैसस वा संलग्न जनशक्तिको क्षमता विकासको लागि गैसस संचालन समितीले छायाँनाथ रारा नगरपालिकाको कार्यालयमा पेश गर्नेछ र स्वीकृत भएपछि सो अनुसारका क्षमता विकासका कार्यक्रमहरु लागु गर्नेछ ।

१६) गैससहरुको नियमन गर्दा नकरात्मक विधि भन्दा सहजकारी, उत्तरदायिपूर्ण र सकरात्मक वातावरण सिर्जनाका माध्यमबाट गरिनेछ ।

१७) नगरभित्रका एवं वाह्य सहयोगदाताहरुलाई गैससमार्फत कार्यक्रम कार्यान्वयन गर्न उचित पैरवी समेत तत्परताका साथ गरिनेछ ।

१०.३ **गैससको आचारसंहिता** : गैससहरुको सामाजिक मर्यादा र जिम्मेबारी उच्च बनाउन यस ऐनले तयार पारिएको आचार संहिता समेतको गैससहरुबाट पालना हुने अपेक्षा राखिएको छ । र उनीहरुको कार्यको मुल्यांकन गर्दा यस आचारसंहिता पालनाको स्तर समेतलाई आधार मानीनेछ ।

१०.४ यो ऐनमा कुनै कुरा अस्पष्ट भएमा वा विवाद सृजना हुन गएमा संचालन समितिको निर्णय अन्तिम हुनेछ ।

१०.५ **व्याख्या तथा संसोधनः** यो ऐनको व्याख्या गर्न अन्तिम अधिकार छायाँनाथ रारा नगरपालिकामा निहीत रहनेछ । यो ऐनलाई नगर सभाले मात्र संशोधन गर्न सक्नेछ ।

१०.६ **वाधा अड्काउ फुकाऊः** यो ऐनमा कुनै वाधा अड्काउ पर्न आएमा सो बाधा अड्काउ फुकाउने अधिकार गरको कार्यपालिकामा निहित रहनेछ ।

१०.७ **खारेजी र बचाउः** यस ऐनमा उल्लेखित व्यहोराहरुमा कुनै व्यहोरा वहाल रहेका स्थानिय सरकार सञ्चालन ऐन तथा समाज कल्याण नियमावलीसंग बाझिन गएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ र यस पूर्व संघ संस्था आवद्धता समेत सम्वन्धमा परिषद्बाट भएका सेवा तथा कार्यहरु यसै बमोजिम भएको मानिनेछ ।

अनुसूचि १

# छायाँनाथ रारा नगरपालिका
## गैर सरकारी संस्था संचालन समितिको प्रायोजनको लागिमात्र

| | |
|---|---|
| सदस्यता नं.: .......................................... | आवद्धभएको मितिः ......................... |
| संस्थाको नामः ........................................ | पत्राचार गर्ने ठेगानाः ........................ |

श्री नगर प्रमुख ज्यु
छायाँनाथ रारा न.पा, गमगढी

विषय : सुचिकृतबारे ।

महोदय
गैर सरकारी संस्था संचालन समितिको ऐन अनुसारपालना गर्ने प्रतिवद्धताका साथ त्यस नगरपालिकामासुचिकृत हुनकोको लागितपसिलमाउल्लेखितआवश्यककागजातहरु संलग्न गरी सुचिकृत गरिदिनुहुन यसै निवेदन साथ सादर अनुरोध गर्दछौं ।

सहयोगकालागिधन्यवाद !

| | |
|---|---|
| संस्थाको छाप | अभवदीय<br>........................<br>नामः.......................<br>पदः.........................<br>मितिः....................... |

__संलग्न गर्नु पर्ने कागजात__

१. जिल्लाप्रशासनकार्यालयबाट स्वीकृतिविधान र नविकरणभएको प्रमाण-पत्रको प्रतिलिपि

२. समाजकल्याण परिषदको प्रमाणपत्रको प्रतिलिपि

३. *PAN No.*प्रमाणपत्रको प्रतिलिपि

४. वर्तमानकार्यकारिणी सदस्यहरुको विवरण (अस्थायी, स्थायी, पूरा ठेगाना र सम्पर्क नं. सहित)

५. संस्थाको परिचयात्मकविवरणउल्लेख भएको Brochureतथाअन्यकागजातहरु (संस्थाको मुख्यविषयगतउद्देश्य, संस्था रहेको पूरा ठेगाना र सम्पर्क नं. ……, इमेल)

६. संस्थाको अन्तिम लेखा परीक्षण र बार्षिक कार्य प्रगतिप्रतिवेदन

८. अन्तिम लेखा परीक्षणअनुसार संस्थाले गरेको आर्थिक कारोवारको जम्मा रकम रु. ……………

## सुचिकृत संस्थाको विवरण

१. संस्थाको नाम (नेपालीमा) ………………………………………………………………………

**संस्थाको नाम** (अंग्रेजीमा): ………………………………………………………………

संस्थाको संक्षिप्तनाम(Use Acronym if applicable):…………………………………………………

संस्था सम्पर्क ठेगाना : ………. प्रदेस, ……….जिल्ला……………………न.पा ……वार्ड नं………. टोल

अध्यक्षको नाम :………………………………………

२. **संस्थाको सम्पर्क फोन** : ………………………… मोबाइल :……………………………

फ्याक्स :……………………………………

इमेल : ………………………………………

वेवसाइट : …………………………………

**सम्पर्क व्यक्तिको विवरण:**

नाम : ……………………………….पद: …………………………फोन/मोवाइल …………………

३. **स्थापनामिति** (साल/महिना/गते): ……………………………………जिल्ला : ………………………

| सि.नं | निकाय | आवद्धतावादर्ता मिति | दर्ता नम्बर | अन्तिमनविकरणमिति | नविकरणअवधि |
|---|---|---|---|---|---|
| १. | जिल्लाप्रशासनकार्यालय | | | | |
| २. | समाजकल्याण परिषद | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | समाजकल्याण परिषद | | | | |
| ४. | जि .स.स. | | | | |
| ५. | नगरपालिका | | | | |
| ६. | गाउँपालिका | | | | |
| ७. | स्थायी लेखानम्बर **(PAN/VAT)** | | | | |

४. आवद्धतातथादर्ता विवरण

५.संस्थाको प्रमुखउद्देश्य

……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………

.६. नीति, नियमावली र योजनाहरु के के छन ?

७. संस्थाको विषयगतबिशिष्टकार्यक्षेत्र :

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

८ लक्षितवर्ग/समुदाय :

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

...............

| सि.नं | नगरपालिका | वार्ड नं | परियोजनाको/कार्यक्रमको नाम | दातृ निकाय | अवधि | जम्मावजेट |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

९. वर्तमानकार्यक्रम क्षेत्र (भौगोलिक) र प्रमुखकार्यक्रमहरु विवरणः

१०. संस्थाको बार्षिक बजेट (रु. हजारमा) :

| आ.व | कुल बजेट | स्थानिय | | बाह्य **(INGO/Donor)** | |
|---|---|---|---|---|---|
| | | रकम | निकाय | रकम | निकाय |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः ३ आ.ब अथवा ३ अङ्गेजीवर्षको अभिलेख राख्नुहोस ।

## ११. वर्तमान साङ्गठनिकढाँचा(कृपया संख्याखुलाउनुहोस्)

११.१ जातिगत र लैंगिकआधारमा

| जातिजनजाति | साधारण सदस्य | | | कार्य समिति | | | कर्मचारी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा |
| जनजाति | | | | | | | | | |
| दलित | | | | | | | | | |
| ब्रमाहण/ठकुरि | | | | | | | | | |
| क्षत्री | | | | | | | | | |
| मधेसि | | | | | | | | | |
| मुस्लिम | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

११.२ शारीरिक क्षमता र लैंगिकआधारमा

| फरक क्षमताभएका | साधारण सदस्य | | | कार्य समिति | | | कर्मचारी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

## १२. सहयोगीतथा साझेदारी संस्था

| सि.नं | संस्थाको नाम | कार्यक्रमको नाम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

१३. वर्तमानकार्यकारिणी सदस्यहरुको विवरण

| सि.नं | नाम | पद | शैक्षिक योग्यता | उमेर | बिषयगतविशेषज्ञता | समाजिक क्षेत्रको अनुभव | सम्पर्क फोन नं. | इमेल/कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

१५. अन्तिम साधारण सभा/अधिवेशनमिति ..................................................

१६. अन्तिम लेखा परीक्षणमिति :...............................अवधि :............... देखि..........................सम्म

माथिदिइएकाविवरणहरु ठीक साँचो हुन् । दिइएकाविवरणहरु गलत सावितभएमा गैर सरकारी संस्था संचालननिर्देशिकाको नियमानुसार सहाँउलाबुझाउनेछौं ।

**सम्बन्धित संस्थाको तर्फबाटसम्बन्धितशाखाको तर्फबाट**

हस्ताक्षरः ............................ हस्ताक्षरः ............................

आवेदकको नामः ........................ सिफारिस कर्ताको नामः ........................

पदः ...................................... पदः ......................................

संस्थाको छापःशाखाको छापः

अनुसुचि-२

कर्णाली प्रदेश,नेपाल

## छायाँनाथ रारा नगरपलिका

## गैर सरकारी संस्था संचालन तथा व्यवस्थापन समितिको सचिवालय

*संस्था आवद्धता प्रमाण-पत्र*

आवद्धता नं ...........

गैर सरकारी संस्था संचालनतथाव्यवस्थापन ऐन २०७७ को परिच्छेद ५ कोउपदफा ५.२ बमोजिम यसनगरपालिकाभित्र परियोजना/कार्यक्रम संचालन गर्न श्री**कर्णाली सामुदायिकविकास केन्द्र**,मुगु.संस्थालाई यो आवद्धताप्रमाण–पत्रप्रदान गरिएको छ ।

.......................
नामः– हरिजङ्गशाही
पदः– नगर प्रमुख
छापः–

## Chhayanath Rara Municipality

## NGO Desk Operation & Management Secretariat

## CERTIFICATE OF AFFILIATION

**Affiliation No.......**

**It is certified that Karnali Community Development Center, Mugu is hereby affiliated for implementation of Project/Program at Municipality level under NGO desk Operation & Management act 2077.**

**.....................**
**Name: -Harijung Shahi**
**Designation:-Deputy Mayor**
**Stamp: -**

# नविकरण गरेको प्रमाण-पत्र

| परियोजना/कार्यक्रम/संस्थाकोनाम | दातृ निकाय | नविकरण अवधि | नविकरण दस्तुरको रसिद नं र मिति | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |